आज मिति २०७७।०३।०८ गते सोमबार यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको वैठक भुम्लु गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

१ श्री गुमानध्वज कुंवर – अध्यक्ष
२ श्री कल्पना कुमारी श्रेष्ठ – उपाध्यक्ष
३ श्री खीर बहादुर श्रेष्ठ – सदस्य
४ श्री कृष्ण कुमार कार्की – सदस्य
५ श्री ज्ञान वहादुर तामाङ – सदस्य
६ श्री लोक बहादुर कुँवर – सदस्य
७ श्री अञ्चल कुमार लामा – सदस्य
८ श्री भरत बहादुर शिवभक्ती – सदस्य
९ श्री रमेश राज खरेल – सदस्य
१० श्री मोतिलाल तामाङ – सदस्य
११ श्री दल बहादुर तामाङ – सदस्य
१२ श्री चित्र बहादुर तामाङ – सदस्य
१३ श्री माया तामाङ – सदस्य
१४ श्री सानुमाया पहरी – सदस्य
१५ श्री उर्मिला वि. क. बराइली – सदस्य
१६ श्री सावित्रा अछामी – सदस्य
१७ श्री बालकृष्ण पहरी – सदस्य
१८ श्री शंकर नेपाली – सदस्य
१९ श्री मदन कुमार बजगाँई – सदस्य सचिव

Scanned with CamScanner

प्रस्तावहरु

१ आर्थिक सहायता सम्बन्धमा

२ भुम्लु गाउँपालिका टोल सुधार समिति संचालन सम्बन्धी कार्यविधि सम्बन्धमा।

३ एफ एम रेडियो सम्बन्धी कार्यविधि सम्बन्धमा

४ एकिकृत सम्पति कर सम्बन्धी कार्यविधि सम्बन्धमा

५ बालक्लब गठन तथा संचालन सम्बन्धी कार्यविधि सम्बन्धमा

६ रकमान्तर सम्बन्धमा ।

७ गाउँसभामा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

निर्णयहरु

१. क. यस गाउँपालकाको वडा नं ४ स्थायी ठेगाना भएका श्री पुर्ण बहादुर दर्जीलाई हावाहुरीको कारणले रुख लडेर गम्भिर घाइते भए पश्चात मेरुदण्डमा समेतमा गम्भिर चोट पुगी उपचाररत रहेकोले निजको उपचारको लागि रु ३०००० (तीस हजार मात्र) रकम सहायता उपलब्ध गराउने निर्णय गरियो ।

ख. यस गाउँपालिकाको वडा नं १ को निरेश पहिरीलाई हेमोफिलियाको उपचारको लागि रु ३०,०००/- आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

ग. यस गाउँपालिकाको वडा नं ९ को अक्कल बहादुर तामाङको छोरा अपजोस तामाङलाई स्वास्थ्य उपचारको लागि रु २८,००० सहायता उपलब्ध गराउने निर्णय गरियो ।

२. भुम्लु गाउँपालिका टोल सुधार समिति संचालन सम्बन्धी कार्यविधि, २०७७ स्विकृत गर्ने निर्णय गरियो ।

३. भुम्लु गाउँपालिका एफ एम रेडियो सम्बन्धी कार्यविधि, २०७७ स्विकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

४ भुम्लु गाउँपालिका एकिकृत सम्पति कर सम्बन्धी कार्यविधि, २०७७ स्विकृत गर्ने निर्णय गरियो ।

५ भुम्लु गाउँपालिका बालक्लब गठन तथा संचालन सम्बन्धी कार्यविधि २०७७, स्विकृत गर्ने निर्णय गरियो ।

६ यस गाउँपालिकाको चालु आर्थिक वर्षको स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत क्र स ५४ अन्य फिर्ता शिर्षकको रु ११९७८८८ लाई रकमान्तर गरी शीर्षक नं ७९ विविध खर्चमा थप गर्ने गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

७ यस गाउँपालिकाको मिति २०७७।०३।१० को गाउँसभाको बैठकमा तपशिल बमोजिमका प्रस्तावहरु पेश गर्ने ।

क. आर्थिक वर्ष २०७७।७८ को निति तथा कार्यक्रम

ख- आर्थिक विधेयक २०७७

ग- विनियोजन विधेयक २०७७

Scanned with CamScanner